# प्रेस विज्ञप्ती

भाद्र ४, २०७७

## सिद्धार्थ बैंक र 360 ट्रान्सपोर्ट सोलुसन्स् बीच सम्झौता

सिद्धार्थ बैंक लिमिटेडले २०७७ भाद्र ३ गते सार्वजनिक यातायातको साधनमा अन्तर्राष्ट्रिय स्तरको डिजिटल भुक्तानी गर्ने उद्देश्यका साथ 360 ट्रान्सपोर्ट सोलुसन्स्सँग व्यावसायिक सम्झौता गरेको छ । उक्त सम्झौतापत्रमा सिद्धार्थ बैंकका तर्फबाट सहायक महाप्रबंधक श्री सुरेश राज महर्जन र 360 ट्रान्सपोर्ट सोलुसन्स्का तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री खुशल रेग्मीले हस्ताक्षर गर्नु भएको हो ।

यस सम्झौता पश्चात् 360 ट्रान्सपोर्ट सोलुसन्स् अन्तर्गत सञ्चालनमा रहेको यातायातको साधनमा निकट भविष्यमा बैंकको POS मेसिन जडान गरिने र यात्रु महानुभावहरुले स्मार्ट प्रिपेड कार्ड प्रयोग गरि POS मार्फत आफ्नो बस भाडा भुक्तानी गर्न सक्नुहुनेछ । प्रयोग गरिने स्मार्ट प्रिपेड कार्ड सार्वजनिक यातायात तथा बैंकका शाखाहरुबाट खरिद र लोड गर्न सकिनेछ । बैंकको यो परियोजना नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप डिजिटलाइजेसनको तर्फ केन्द्रित रहेको र यस सेवाबाट नगद रहित कारोबारको उपयोग बढ्नुका साथै यात्रु महानुभावहरुले केहि हदसम्म भएपनि बस भाडाका लागि खुद्रा बोक्नुपर्ने झन्जट नरहने विश्वास बैंकले लिएको छ ।